सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल

आन्तरिक स्रोत उठाउने सम्बन्धी

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७५/०३/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५९ मा भएको व्यवस्था बमोजिम स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अर्न्तगत यस कार्यालयले आ.व.२०७५/०७६ का लागि सडक मर्मत दस्तुर तथा पटके सवारी कर अशुल उपर गर्न ठेक्का बन्दोवस्त गर्नुपरेकोले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति वा संस्थाबाट बोलपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

१. पूर्व-पश्चिम लोकमार्ग, कालौनी लुम्विनी सडक, सालझण्डी ढोरपाटन सडक, मुर्गिया लुम्विनी सडक बाहेकको सडक प्रयोग गरी प्राकृतिक स्रोत र साधन निकासी गर्ने सवारी साधनहरुबाट बाटो मर्मत शुल्क र बस तथा जीप आदिको पटके सवारी कर अशुल गर्नु पर्नेछ तर नगरपालिकामा दर्ता भई बार्षिक सवारी कर तिरेका निजी सवारी साधनसँग कर लिन पाइने छैन ।

२. सरकारी वा अन्य कुनै किसिमको ठेक्का कर मुल्य अभिवृद्धि कर आदि करहरु ठेकेदार स्वयंले तिर्नुपर्नेछ ।

३. आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट गरी बोलपत्र फाराममा उल्लेख हुनुपर्नेछ ।

४. आफूले बोल कबोल गरेको अङ्कको नेपाली नागरिकको हकमा ५% र विदेशिको हकमा १०% ले हुने रकम यस नगर कार्यपालिकाको कृषि विकास बैंक लि., पर्रोहाको धरौटी खाता नं. ०४१४२०११४९२४४०१५ मा रकम जम्मा गरेको सक्कल भौचर वा बैंकले जारी गरेको सो रकम बराबरको बैंक जमानत बोलपत्र फारामसाथ संलग्न हुनुपर्नेछ । नगद वा चेकलाई मान्यता दिइने छैन ।

५. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३%) राजश्व ठेक्का लिने फर्मले सम्बन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

६. ठेक्का स्वीकृत भएको ७ दिन भित्र ठेक्काको ५०% रकम बैंक दाखिला गरेको भौचर बराबरको ठेक्का सम्झौता अवधि सम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सके पछि सम्झौता गरि कार्यादेश दिइनेछ । बाँकी ५०% ले हुने रकम चैत्र मसान्तभित्र दाखिला गर्नुपर्ने छ ।

...राज पौडेल
शाखा अधिकृत

७. बन्द, हडताल, चक्काजाम तथा अन्य कुनै कारणले गाडी नचलेमा कुनै किसिमको हर्जाना एवं छुट हुनेछैन ।

८. बोलपत्र फाराम दस्तुर रु.३०००।- तिरी (फिर्ता नहुने गरि) नगर कार्यपालिका कार्यालयबाट प्राप्त हुनेछ ।

९. रित नपुगेको बोलपत्र फारामलाई मान्यता दिइनेछैन ।

१०. बोलपत्र फाराम दाखिला मिति २०७५/०४/१२ गते सम्म खरिद गर्न पाईनेछ ।

११. दररेटको हकमा नगरकार्यपालिका कार्यालयबाट जानकारी पाउन सकिनेछ ।

१२. बोलपत्र फाराम दाखिला मिति २०७५/०४/१३ गते १२:०० बजेसम्म मात्र रहनेछ ।

१३. बोलपत्र फाराम २०७५/०४/१३ गते २:०० बजे नगर कार्यपालिका कार्यालयमा खोलिनेछ । दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१४. सामाग्री निकासी गर्दा नगरपालिका र स्थानीय समुदाय, सामुायिक वनहरुसँगको समन्वयको आधारमा गर्नुपर्नेछ ।

१५. यस सूचनामा उल्लेख हुन छुट भएका र कुनै कुरा बाँझिएमा प्रचलित कानुन अनुसार हुनेछ ।

१६. निकासी नाकाको हकमा (EIA) प्रतिवेदन अनुसार जिल्ला समन्वय समितिले तोके अनुसार हुनेछ ।

१७. न्यूनतम ठेक्का अंक रु.८०,००,०००।- (अक्षरुपी असी लाख रुपैंया) कायम हुनेछ ।

१८. बोलपत्र स्वीकृत गर्ने, नगर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ । अन्य जानकारीको लागि नगर कार्यपालिका कार्यालय बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मणिराज पौडेल
शाखा अधिकृत